## गरुडा नगरपालिका

# स्थानीय राजपत्र

गरुडा नगरपालिकाद्वारा प्रकाशित

**खण्ड : २, संख्या : १, मिति : २०८०/०४/३२**

## भाग-१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गरुडा नगरपालिकाको नगर सभाले पारित गरेको ऐन सर्वसाधारणको जानकारीका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ ।

**२०८० सालको ऐन नं. १**

## गरुडा नगरपालिकाको विनियोजन ऐन, २०८०

(गरुडा नगरपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०)

**प्रमाणीकरण मिति : २०८०।०४।३२**

**प्रस्तावना :** गरुडा नगरपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिमको प्रयोजनकालागि गरुडा नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्तनामर प्रारम्भः (१)** यस ऐनको नाम " गरुडा नगरपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गतेबाट लागु हुनेछ ।

२. **परिभाषाः**

(क) "नगर सभा" भन्नाले गरुडा नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले गरुडा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "वडा समिति" भन्नाले गरुडा नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

(घ) "विषयगत शाखा" भन्नाले गरुडा नगरपालिका अन्तर्गतको शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ ।

(ङ) "सञ्चित कोष" भन्नाले गरुडा नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

३. **आर्थिक वर्ष २०८०।०८१ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः**

(१)आर्थिक वर्ष **२०८०।०८१** को निमित्त गरुडा नगरपालिका नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त **अनुसूची-१** मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम र बैक मौज्दात समेत गरी जम्मा रकम **रु.६३,००,६३,२५४।(त्रिसठी करोड त्रिसठी हजार दुई सय चौवन्न मात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोष बाट खर्च गर्न सकिनेछ ।

४. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष **२०८०।०८१** को लागि गरुडा नगरपालिका, नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा नपुगहुने देखि नआएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी, कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च गर्न सकिनेछ । पूँजिगत खर्च र वित्तीयव्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षक तर्फ सार्न र बित्तीयव्यवस्थाअन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सोशीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संखया | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १ | | नगर स्तरीय | १४,३१,३९,०००।०० | १३,१४,२४,२५४।०० | २७,४५,६३,२५४।०० |
| २ | | वडा स्तरीय | ३७,५०,०००।०० | ७,८५,५०,०००।०० | ८,२३,००,०००।०० |
| ३ | | विषयगत शाखा स्तरीय (ससर्त) | २४,३१,००,०००।०० | ३,०१,००,०००।०० | २७,३२,००,०००।०० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | |
| | | जम्मा | | | रु.६३,००,६३,२५४।०० |

आज्ञाले,
हेमराज फुयाँल
प्रमुख प्रशासकीय अधिकृत